CHANDRAGIRI HILLS LIMITED

Thankot, Kathmandu, www.chadragirihills.com
Phone no : + 977 4312515

आर्थिक वर्ष २०८१/०८२ को दोस्रो त्रैमासिक अवधिको प्रतिवेदन

धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) सँग सम्बन्धित

अनुसूची-१४

चन्द्रागिरि हिल्स लिमिटेडको आर्थिक वर्ष २०८१/०८२ को द्वितीय त्रैमासिक अवधिको लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदन :

१. वित्तीय विवरण :

कम्पनीको हिसाब किताबको लेखांकन अनुसार आर्थिक वर्ष २०८१/०८२ (२०२३/२०२४) को २०८१ कात्तिक १ देखि २०८१ पौष २९ (अक्टोवर १७, २०२४ देखि जनवरी १३, २०२५)सम्मको आर्थिक विवरण निम्न अनुसार प्रस्तुत गरिएको छ ।

(क) आर्थिक वर्ष २०८१/०८२ को दोस्रो त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरण :

आर्थिक वर्ष २०८१/०८२ को कम्पनीको दोस्रो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको तुलनात्मक वित्तिय विवरण अनुसूचि १ मा प्रस्तुत गरिएको छ । यस दोस्रो त्रैमासिक समीक्षा अवधि सम्ममा सम्बन्धित पक्षहरू बीच कम्पनीको नियमित व्यवसायिक कारोबार बाहेक अन्य कुनै कारोबार नभएको ।

(ख) कम्पनीको दोश्रो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको वित्तिय विवरणका प्रमुख वित्तीय अनुपात :

विवरण	यस आ.व.को दोस्रो त्रैमासिक अवधि (पौष २९, २०८१ को अन्त्यमा)	अघिल्लो त्रैमासिक अवधि (असोज ३०, २०८१ को अन्त्यमा)	गत आ.व. को दोस्रो त्रैमासिक अवधि (पौष २९, २०८० को अन्त्यमा)
ऋण पूँजीको अनुपात	१.१९	१.२६	१.५५
सेयरधनीको सेयर पूँजी कोषको प्रतिफल	०.०४	०.०२	०.०५
प्रति सेयर आम्दानी (रु)	४.३३	१.६६	४.१०
प्रति सेयर नेटवर्थ (रु)	९९.७३	९७.०६	८९.०९
प्रति सेयर कुल सम्पत्तिको मूल्य (रु)	२३८.८४	२३५.९०	२३९.१८
प्रति सेयर बजार मूल्य (रु १००/-प्रति सेयर) (रु)	८८३	९४८	९१५.६०
प्राईस अर्निङ रेसियो (टाईम्स)	२०३.७५	५६९.६५	२२३.४९
चालु अनुपात	२.६५	३.२२	३.१०

२. व्यवस्थापकीय विश्लेषण :

(क) आर्थिक वर्ष २०८१/०८२ को दोस्रो त्रयमास अवधिसम्मको आर्थिक गतिविधि मध्यम रहेको छ । कम्पनीको पछिल्लो आ.व.को अवधीको तुलनामा कुल आयमा कमी आएता पनि नियन्त्रित खर्च प्रणालीमार्फत कुल नाफामा स्थिरता सहितको वृद्धि कायम रहेको छ ।

(ख) नेपाल पर्यटन बोर्डबाट जारी गरिएको पछिल्लो तथ्यांक अनुसार हवाई मार्गबाट यात्रा गर्ने पर्यटकहरूको आगमन संख्याको मासिक औसत वृद्धि हुदै आएको छ । यसका साथै यस अवधीमा स्थल मार्गबाट विषेश गरि भारतीय र बंगलादेशका पर्यटकहरूको उल्लेख्य मात्रामा आवागमन भएको छ । यस किसिमको पर्यटकको आवागमन वृद्धिले आगामी दिनमा यस कम्पनीका सेवाको उपभोगमा समेत वृद्धि हुने अपेक्षा गरिएको छ ।

(ग) यस चन्द्रागिरि हिल्सको मनोरम र अद्वितीय प्राकृतिक वातावरण तथा पर्यटकिय उपजहरूको विकास विश्व पर्यटन बजारमा कम्पनीको प्रचार प्रसार सहित कम्पनीको रिसोर्टको अनलाइन बुकिंग तथा केवलकार टिकट खरिद सेवालाई थप सहज बनाई ग्राहक केन्द्रित सेवा प्रदान गरिएको छ । कम्पनीबाट आन्तरिक पर्यटकहरूका लागि समय समयमा विशेष छुटको प्याकेजहरूलाई निरन्तता दिंदै कम्पनीका सेयरधनीहरूका लागि कम्पनीबाट प्रदान गरिने सम्पूर्ण सेवाहरूमा विशेष छुटको व्यवस्था र स्थानिय वासिन्दालाई समेत विषेश सहुलियत प्रदान गरिएको छ । यसका साथै बुधवारको दिनमा केवलकार टिकटमा सम्पूर्ण नेपालीहरूका लागि १५ प्रतिशतको विशेष छुटको योजना समेत यो अवधीबाट संचालनमा ल्याइएको छ ।

घ) कम्पनीले केवलकार सेवालाई सत प्रतिशत सुरक्षित रुपमा संचालन गर्नका लागि यस कम्पनीमा कार्यरत दक्ष कर्मचारीहरू प्रतिबद्ध भई अहोरात्र खटिरहहेका छन् । अकस्मात आउने स- साना प्राविधिक समस्या समाधान गर्न अपनाउनु पर्ने सुरक्षाका उपायहरू तथा उपकरणहरूको सहि प्रयोग गर्नका लागि कुनै समस्या रहेको छैन । साथै कम्पनीले सुरक्षा निकायसंग समेत समन्वय गरि विपद लगयतका काममा सहकार्य गरि आएको छ ।

(ङ) कम्पनीको सावधिक कर्जाको किस्ता तथा सो को ब्याज तोकिएको समयमा भुक्तानी गरिदै आइएको छ ।

(च) कम्पनीबाट रिसोर्ट परिसरमा पर्यटकहरूको सुविधा तथा आतिथ्यतलाई मध्यनरज गर्दै थप सुविधा सहितका नयाँ संरचनाहरूको निमार्णका कार्य अगाडी बढाइएको छ ।

३. कानुनी कारबाही सम्बन्धी विवरण :

(क) आर्थिक वर्ष २०८१/०८२ को दोश्रो त्रैमासिक अवधि सम्ममा कम्पनीले कुनै मुद्दा दायर गरेको छैन र कम्पनी उपर पनि कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

(ख) आर्थिक वर्ष २०८१/०८२ को दोश्रो त्रैमासिक अवधिसम्ममा कम्पनीको संस्थापक वा संचालक वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

(ग) आर्थिक वर्ष २०८१/०८२ को दोश्रो त्रैमासिक अवधि सम्ममा कम्पनीलाई कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

४. संगठित संस्थाको सेयर कारोवार सम्बन्धी विश्लेषण :

(क) सेयरको कारोवारमा हुने उतार चढाव खुल्ला बजारले निर्धारण गरेको मूल्य र मान्यता अनुरुप निर्देशित हुने गरेको छ । सेयरको कारोवार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

(ख) कम्पनीको आर्थिक वर्ष २०८१/०८२ को दोश्रो त्रैमासिक अवधिमा प्रति सेयर रु १००/का दरको सेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या देहाय बमोजिम रहेको छ :

दोश्रो त्रैमासिक अवधी २०८१ पौष २९ (तदनुसार जनवरी १३, २०२५)	सेयर कारोबार-मुल्य (रु)			कुल सेयरको कारोबार-दिन र संख्या		
	अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोबार भएको कुल दिन	कारोबार संख्या	कुल कारोबार सेयर संख्या
	१०११	८८३	८८३	५५	१७,८३६	१८,५४,३१२

५. समस्या तथा चुनौती :

(क) समस्या तथा चुनौतीहरू :

(अ) आन्तरिक

१. यस कम्पनीमा कुनै आन्तरिक समस्या नरहेको ।

(आ) वाह्य

१. अप्रत्याशित रुपमा आउने राष्ट्रिय तथा अर्न्तराष्ट्रिय घटनाहरूको कारणवाट देशको आन्तरिक तथा वाह्य पर्यटन उद्योगमा पर्न सक्ने प्रभाव र सो बाट कम्पनीको कारोवारमा पर्ने असर ।

२. देशमा विद्यामान अस्थिर राजनैतिक वातावरणका कारण समग्र अर्थतन्त्रमा पर्न सक्ने प्रभाव ।

३. पर्यटकिय पूर्वाधारको विकासमा सरकारको न्यून लगानी र निर्माणधिन कामको पनि सुस्त गतिका कारण आन्तरिक तथा बाह्य पर्यटकको गतिविधिमा प्रत्यक्ष वा अप्रत्यक्ष पार्ने प्रभाव ।

४. देशको अस्थिर राष्ट्रिय नीतिहरू र वाट विषेश गरि पर्यटकीय क्षेत्रमा पर्ने सक्ने प्रभाव ।

५. पर्यटन प्रवर्धनमा पर्यटन सम्बद्ध सरकारी र निजी क्षेत्रका निकायको ब्ननचभककष्खभ एचफयतष्यल हुनु पर्नेमा निर्ष्कृयताका कारण कुनै गतिविधि नहुनु ।

६. आर्थिक गतिविधिमा आएको शिथिलतामा सुधार नहुनु ।

७. विदेशी विनियम दरमा आउने परिवर्तन ।

(ख) रणनीति :

क) कम्पनीप्रति आम जनमानसको सकरात्मक धारणा कम्पनीको संचालक समिति तथा व्यवस्थापनको कार्यकुशलता र समय सापेक्ष रुपमा अपनाईएका विभिन्न रणनीतिको परिणामस्वरुप स्वदेश तथा विदेशवाट भ्रमणमा आउने पर्यटकहरूको अघिल्लो समिक्षा अवधिको तुलनामा यस समिक्षा अवधिमा बृद्धि हुनुका साथै रिर्सोटमा बास बस्ने र विभिन्न गोष्ठि, सेमिनार संचालन गर्न आउने व्यक्ति तथा संघसस्थाको संख्यामा निरन्तर बृद्धि भैरहेकाले यस किसिमको रणनितिलाई निरन्तरता दिईनेछ ।

ख) कम्पनीमा उपलब्ध सबै पर्यटकीय सुविधाको सुविधाको उच्चतम उपयोग, संचालन खर्चमा मितव्ययीता सहित अन्य अनावश्यक खर्चहरूलाई कटौती गरी कम्पनीको आम्दानीमा बृद्धि हुने गरी बजार व्यवस्थापनका काममा दिईएका उच्च प्राथमिकतालाई निरन्तरता दिईने छ ।

ग) चन्द्रागिरि हिल्सको भ्रमणलाई हरेक व्यक्तिको जीवनको उत्कृष्ट र अविस्मरणीय पलका रुपमा स्थापित गराउने उद्देश्यका साथ विभिन्न गतिविधि संञ्चालन गएिको छ । आन्तरिक पर्यटकहरूका लागि रिसोर्टमा विभिन्न छुटहरू सहितको प्याकेजहरू प्रदान गर्ने कार्य निरन्तर भैरहेको छ । यस किसिमका प्याकेजका कारण आन्तरिक पर्यटकको आवागमनमा वृद्धि हुने अपेक्षा गरिएको छ । यस किसिमको रणनितिलाई निरन्तरता दिईनेछ ।

६. संस्थागत सुशासन :

संस्थागत सुशासन अभिवृद्धिका लागि कम्पनीको सञ्चालक समिति र व्यवस्थापनद्धारा चालिएका कदम संम्बन्धी विवरण देहाय बमोजिम रहेका छन:

(क) कम्पनीको लेखापरीक्षण उपसमितिले लेखापरीक्षक छनौट, लेखापरीक्षण गराउने र लेखापरीक्षकबाट प्राप्त प्रतिवेदनको अध्ययन गरी कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्तदुरुस्त राख्नको लागि व्यवस्थापनलाई निर्देशन दिने गरेको छ ।

(ख) कम्पनीको आन्तरिक लेखापरीक्षण स्वतन्त्र आन्तरिक लेखापरीक्षकबाट गरिएको छ ,आन्तरिक लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण समिति समक्ष पेश गर्ने गरी सो माथी विस्तृत छलफल हुने गरेको छ ।

(ग) कम्पनीले नियमनकारी निकायद्वारा जारी गरिएका नियम, विनियम र निर्देशनहरूको पूर्ण परिपालना सहित अन्य प्रचलित ऐन तथा कानुन बमोजिम पुरा गर्नु पर्ने मापदण्डहरूको पूर्ण पालना गरिएको छ ।

(घ) कम्पनीको कर्मचारी विनियावली र नीति तथा आर्थीक नीति तयार गरि सोही नीतिभित्र रहेर सबै कामकारबाही गरि आइएको छ ।

७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण :

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य,तथ्य,र पूर्ण छन र लगानीकर्ताहरूलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरू लुकाइएको छैन ।

अनुसुची १

Chandragiri Hills Limited

Kathmandu, Nepal

STATEMENT OF UNAUDITED FINANCIAL RESULTS

As on Poush 29, 2081 BS (January 13, 2025)

Particulars	Upto This Quarter ending on Poush 29, 2081 BS (January 13, 2025) Unaudited	Upto Previous Quarter ending on Ashwin 30, 2081 BS (October 16, 2024) Unaudited	Corresponding Previous Quarter ending on Poush 29, 2080 BS (January 14, 2024) Unaudited
ASSET			
Non-Current Asset			
(a) Fixed Asset			
(i) Property, Plant and Equipment	2,997,732,842	2,984,141,902	3,009,126,423
(ii) Intangible Asset	4,176,233	4,255,189	2,852,421
(iiI) Capital Work in Progress	7,579,814	-	13,289,367
(iv) Right of Use of Asset	43,948,057	43,033,874	43,033,874
(b) Long term Investment	315,700,000	315,700,000	315,700,000
Deferred tax asset			
Total of Non- Current Asset	**3,369,136,945**	**3,347,130,965**	**3,384,002,086**
Current Assets			
(a) Inventories	48,220,827	45,050,308	38,259,117
(b) Account Receivables	30,358,789	24,705,289	26,729,715
(c) Cash & Cash Equivalent	60,528,013	106,625,174	106,737,461
(d) Loans & Advances	121,008,979	70,186,651	88,319,633
(e) Other Current Assets	34,715,248	25,297,561	25,185,530
Total of Current Asset	**294,831,855**	**271,864,983**	**285,231,456**
Total Asset	**3,663,968,800**	**3,618,995,948**	**3,669,233,542**
EQUITY & LIABILITIES			
Equity, Reserve and Surplus			
(a) Share Capital	1,534,091,000	1,534,091,000	1,534,091,000
(b) Reserve and Surplus	(4,195,764)	(45,148,275)	(167,301,740)
Total Equity, Reserve and Surplus	1,529,895,236	1,488,942,725	1,366,789,260
Non- Current Liabilities			
(a) Long-term borrowings	1,822,850,826	1,879,664,578	2,116,602,136
(b) Deferred Tax Liabilites	147,444,531	113,949,883	43,914,615
(c) Lease Liability	52,533,776	52,075,024	50,006,632
Total of Non-Current Liabilities	**2,022,829,133**	**2,045,689,485**	**2,210,523,383**
Current Liabilities			
(a) Duties & Taxes	12,978,633	23,052,804	6,757,884
(b) Account payable	30,419,215	12,046,932	30,561,958
(c) Other Current Liabilities	67,846,583	49,264,002	54,601,056
Total of Current Liabilities	**111,244,431**	**84,363,737**	**91,920,899**
Total Equity and Liabilities	**3,663,968,800**	**3,618,995,948**	**3,669,233,542**

STATEMENT OF UNAUDITED PROFIT & LOSS FOR THE PERIOD ENDED on Poush 29, 2081 BS (January 13, 2025)

Particulars	Upto This Quarter ending on Poush 29, 2081 BS (January 13, 2025) Unaudited	Upto Previous Quarter ending on Ashwin 30, 2081 BS (October 16, 2024) Unaudited	Corresponding Previous Quarter ending on Poush 29, 2080 BS (January 14, 2024) Unaudited
Revenue from Operation	422,537,743	195,875,589	457,537,906
Cost of sales	55,521,567	26,210,605	57,259,484
Gross Income	**367,016,176**	**169,664,983**	**400,278,422**
Other Income	2,442,943	754,453	7,659,266
Expenses			
Employee Benefits Expenses	88,320,162	45,935,552	82,310,900
Administrative and Other Expenses	52,100,599	24,655,843	56,968,688
Total Expenses	**140,420,761**	**70,591,394**	**139,279,588**
Profit Before Interest, Depreciation and Tax	**229,038,358**	**99,828,042**	**268,658,100**
Finance costs	87,365,889	44,969,625	128,045,618
Profit Before Depreciation and Tax	**141,672,469**	**54,858,416**	**140,612,482**
Depreciation and Amortization Expenses	53,324,636	29,328,550	53,442,679
Profit before extra ordinary items and taxes	**88,347,832**	**25,529,867**	**87,169,803**
Extra ordinary item			
Profit before taxes			
Tax Expenses			
Current Tax			
Deferred Tax (Income)/Expenses	21,865,455		24,320,025
Profit (Loss) for the period from continuing operations	**66,482,377**	**25,529,867**	**62,849,778**
Profit /(Loss) from dis-continuing operations			
Tax expenses of dis-continuing operations			
Profit (Loss) for the period from dis-continuing operations			
Profit/(Loss) for the period	**66,482,377**	**25,529,867**	**62,849,778**
Earning per equity share:			
Basic Earning per share	4.33	1.66	4.10
Diluted Earning per share	4.33	1.66	4.10